श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना

माननीय अर्थ मन्त्री श्री सूर्यबहादुर थापाले २०२५ साल आषाढ २२ गते रोज ६ का दिन दिनुभएको आर्थिक वर्ष २०२५।२६ को बजेट वक्तव्य सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

माननीय अध्यक्ष महोदय,

यस आर्थिक वर्षमा देशमा घटेका आर्थिक गतिविधिहरूको सर्भेक्षण मैंले सदनमा पेश गरेको थिएँ, जस्मा स्पष्टरूपले हाम्रा उपलब्धिहरूको साथै समस्याहरूको पनि विष्लेषण गरिएको छ । उक्त सर्भेक्षणबाट पूर्ण विवरण सबैलाई बोध हुनेछ, तापनि यो वर्षको वित्तीय स्थितिको उल्लेख गर्नुभन्दा अघि देशको वर्तमान आर्थिक स्थिति तथा अर्को वर्षमा श्री ५ को सरकारले अपनाउने नीतिहरूबारे केही उल्लेख गर्न चाहन्छु ।

अध्यक्ष महोदय, देशको आर्थिक स्थितिमा सुधार आइरहेको छ भन्ने कुरा सदनमा सुनाउन पाउँदा मलाई सन्तोष लागेको छ । केही महीना अघि पूरक बजेट पेश गर्दा मैंले स्पष्टरूपले सदनको अगाडि देशमा देखापरेका आर्थिक कठिनाइहरूको चित्रण गर्नुको साथै समाधानको उपायहरूको पनि उल्लेख गरेको थिएँ । उक्त नीतिहरू अपनाइएबाट छोटो अवधिमा नै देशको आर्थिक स्थिति सुध्रिएको छ र भविष्यको लागि उत्साहवर्द्धक स्थिति उत्पन्न गर्न सकिएको छ भन्नुमा अत्युक्ति नहोला । वित्तीय स्थितिको विश्लेषण बजेटको छलफलको प्रसङ्गमा हुने हुनाले हाल म उत्पादन लगायत अन्य आर्थिक स्थितिबारे केही उल्लेख गर्न चाहन्छु ।

महोदय, अवमूल्यन र त्यस्को साथै अपनाइएका आर्थिक नीतिहरूको फलस्वरूप देशको आन्तरिक तथा वैदेशिक व्यापार र विदेशी विनिमय सञ्चयमा निकै सुधार भएको छ । तराईका बजारहरू पुनः गुलजार भएका छन् । समुद्रपारतिर निर्यात बढ्दैछ र राष्ट्र बैङ्कको सुन र विदेशी विनिमय कोषमा छिटो वृद्धि हुँदैछ । २०२४ मार्ग र २०२५ ज्येष्ठको ७ महीनाभित्र रू. १३ करोड ९६ लाखले राष्ट्र बैङ्कको सुन र विदेशी विनियस कोषमा वृद्धि भएको छ विदेशी । विनिमय कोषमा यसरी अपेक्षाकृत रूपले वृद्धि हुनुमा परिवर्त्य मुद्राको आम्दानीमा निकै वृद्धि हुनु र भारतीय रुपैयाँको बिक्री कम हुनु तर खरीद भने बढ्नुबाट हुन गएको हो । २०२५ ज्येष्ठ मसान्तसम्ममा राष्ट्र बैङ्कसंग रू. ९ करोड ४० लाखको सुन, रू. ३७ करोड ३६ लाखको परिवर्त्य विदेशी मुद्रा र रू. १३ करोड ८ लाखको भारतीय मुद्रा गरी जम्मा रू. ५९ करोड ८७ लाखको सुन र विदेशी विनिमय कोष मौजूद छ । २०२४ मार्ग र फाल्गुनभित्र वाणिज्य बैङ्कहरूको बचत र मुद्दति डिपोजिटमा ३० प्रतिशतले वृद्धि भई रू. ९ करोड पुग्न गएको छ । यसरी जनतामा आफ्नो मुद्राप्रति विश्वास बढेकोले पूंजी विदेश लैजाने वा विदेशी मुद्रा सङ्कलन गर्ने प्रवृत्ति घटी पूंजी देशभित्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नै रही परिचालन हुन सक्ने वातावरणको सृजना हुन गएको छ, जुन कुरा देशको दीर्घकालीन आर्थिक विकासको निमित्त अत्यन्त महत्वपूर्ण हो ।

श्री ५ को सरकारद्वारा कृषि क्षेत्रको सिवकासको निमित्त गरिएका प्रयत्नहरूको साथै मौसमको अनुकूलताको फलस्वरूप यस वर्ष खाद्यान्न र नगदी दुवै बालीको उत्पादनमा क्रमशः ६ प्रतिशत र ८.६ प्रतिशत जतिले वृद्धि हुनगएको प्रारम्भिक अनुमान गरिएको छ । आर्थिक वर्षको पहिलो ११ महीनासम्ममा १६,००० मेट्रिक टन रासायनिक मल, ३,८५० मेट्रिक टन उन्नत बीज र १,६८० थान कृषि औजारहरू विक्री वितरण गरिएको छ । यस वर्ष लघु सिंचाईमा रू. ६० लाख र अन्य सिंचाई आयोजनामा रू. १ करोड ४४ लाख खर्च हुने अनुमान गरिएको छ। कृषिकर्जा उपलब्ध गराउने कार्यलाई अझ बढी व्यापक र विस्तृत गर्न हालै सहकारी बैङ्कलाई कृषि विकास बैङ्कमा परिणत गरिएको छ । यसै वर्ष कृषि औजार कारखानाले उत्पादन कार्य शुरू गरिसकेको छ । वीरगञ्ज र काठमाडौंका गोदामहरूको निर्माण कार्य पूरा भएको छ ।

औद्योगिक क्षेत्रतर्फ पनि गतवर्ष धेरैजसो उद्योगहरूको उत्पादनमा ह्रास भएकोमा यस वर्ष उत्पादनमा केही प्रगति हुने उम्मेद गरिएको छ । गैर-सरकारी क्षेत्रमा केही उद्योगहरू खुल्न गएका छन् । जनकपुर चुरोट कारखाना पनि मुनाफामा चल्न थालेकोछ । सरकारी क्षेत्रमा यस वर्ष खोलिएका नयाँ उद्योगहरू मध्ये ईंट टायले कारखानाले उत्पादन गर्न शुरू गरेको छ ।

यातायाततर्फ सिद्धार्थ राजमार्ग, पृथ्वी राजमार्ग, महेन्द्र राजमार्गको निर्माण कार्य तीव्रतर गतिले चालू भइरहेछ । विद्युत्तर्फ समाप्त भईसकेका आयोजनाहरूद्वारा उत्पादित विद्युत शक्तिको वितरण सम्बन्धी कार्यहरूमा काम भई रहेको छ ।

देशको आवश्यकता र मांग अनुसार बैङ्किङ्ग सुविधा नभएका जिल्लाहरूमा वाणिज्य बैङ्कहरूका शाखाहरूको विस्तार गर्ने कार्यक्रम जारी छ । आन्तरिक साधनको बढी परिचालन गर्न र बिमाको प्रिमियमको रूपमा पूंजी विदेशमा गइरहेकोबाट रोक्न र उक्त पूंजी देशभित्र नै लगानी गर्न नेपाल राष्ट्रिय बिमा संस्थान यस वर्ष स्थापना भई सकेको छ ।

अध्यक्ष महोदय, मैले माथि पेश गरेको विवरणबाट आज हाम्रो अर्थ व्यवस्था समस्यारहित छ वा हामीले सबै बाधा हटाईसकेका छौं भन्न खोजेको होइन । हाम्रो उपलब्धिहरू उत्साहवर्द्धक अवश्यमेव छन् तर समस्याहरू पनि उत्तिकै कठिन छन् । देशको अधिकांश जनताको आय र रोजगारको स्रोत कृषि भएकोले बारम्बार यसको विकासको निमित्त प्राथमिकता दिने कुरामा जोड दिइएको हो । यस्तो हुँदा हुँदै पनि हामीले यस क्षेत्रमा आवश्यक मात्रामा प्रगतिगर्न सकेका छैनौं । कृषि उत्पादन बढाउने जिम्मेवारी वास्तवमा बहुसंख्यक कृषकहरूको हातमा रहेको कुरो हो । उनीहरूलाई मद्दत पुऱ्याउन श्री ५ को सरकारले गत केही वर्षहरूदेखि सिंचाई, मल, उन्नतबीज, कृषि औजार र कर्जा पुऱ्याउन कोशिश गरेको छ तापनि यी प्रयासहरू अझै अपर्याप्त भएको कुरा श्री ५ को सरकारले महसुस गरेको छ । फसल राम्रो भएकोले भारतमा कृषि पदार्थहरूको भाउ ओर्लन थालेको छ । हाम्रो देशको मुख्य निर्यात बजार भारत भएको र निर्यातमा सबभन्दा ठूलो भाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कृषि पदार्थहरू भएको हुँदा यसरी भारतमा कृषि पदार्थहरूको भाउ घटेकोले देशको राष्ट्रिय आय, रोजगारको स्थिति र भारतसंगको भुक्तानी स्थितिमा प्रतिकूल असर पर्न सक्दछ । यस परिस्थितिबाट अर्थव्यवस्थामा पर्न सक्ने प्रतिकूल असरलाई हाम्रो मुद्राको अवमूल्यनले केही हदसम्म रोकेको छ,। देशमा आय र जनसंख्याको वृद्धिको साथ साथै सरकारी र गैर-सरकारी क्षेत्रमा लगानी पनि बढी रहेको हुँदा उपभोग्य वस्तुहरू, कोरा पदार्थहरू र पूंजीगत सामानहरूको पैठारीमा पनि वृद्धि हुँदैछ । यसरी बढ्दै गइरहेको पैठारीलाई धान्न निर्यात बढाउनु आवश्यक हुन आउँछ । निर्यातमा कृषि पदार्थहरूको प्रधानता भएको र साथै देशमा जनसंख्याको वृद्धि र औद्योगीकरणलाई समेत धान्न यी वस्तुहरूको आवश्यकता भएको हुँदा निर्यात बढाउन र स्वदेशको मांगलाई समेत पूरा गर्न कृषि उत्पादन अझ बढी दरमा वृद्धि गर्न अनिवार्य भईसकेको छ । यसैले कृषिक्षेत्रको विकासमा हामीले अरू बढी सक्रिय हुनु परेको छ ।

विगत केही महीनामा मुद्रा प्रदायमा वृद्धि हुँदै गइरहेको लक्षण देखिएको छ । गत वर्ष मार्ग–फाल्गुनको चार महीनाको अवधिमा मुद्रा प्रदाय १९ प्रतिशतले बढी रू. ५६ करोड ६७ लाख पुगेकोमा यस वर्षको यही चार महीनाभित्र १६ प्रतिशतले बढी रू. ६२ करोड २७ लाख पुग्न गएको छ । यस अवधिमा गत वर्षभन्दा यो वर्ष मुद्रा प्रदायको वृद्धि दरमा कमी भएतापनि यस प्रकारको वृद्धि दरलाई नगण्य भन्न सकिन्न । बैङ्कहरूको विदेशी मुद्रामा सञ्चय र नीजि क्षेत्रलाई गएको कर्जामा निकै धेरै वृद्धि भएबाट मुद्रा प्रदायमा यसरी वृद्धि हुन गएको हो । यस अवधिमा वित्तीय स्थितिमा सुधार भएको हुँदा सरकारी वित्तीय गतिविधिबाट मुद्रा प्रदायमा वृद्धि हुन गएन । देशमा भएको आर्थिक विकासको प्रभावबाट यता केही वर्षदेखिन् बजार अर्थ व्यवस्थाको छिटो विकास हुँदैछ र यसको साथसाथै मौद्रिकरणको फैलाव बढ्दैछ । यसरी अर्थव्यवस्थामा मौद्रिक क्षेत्र पहिलेभन्दा विस्तृत हुँदै गएको हुनाले पनि मुद्रा प्रदायमा वृद्धि भएको हो तापनि चाहिनेभन्दा बढ्टा मात्रामा मुद्रा प्रदायको प्रसार भएको खण्डमा आर्थिक विकासका लक्ष्यहरू हासिल गर्न कठिन हुनेछ । आगामी आर्थिक वर्षको सम्पूर्ण अवधिभित्र १५ प्रतिशत भन्दा बढी मात्रामा मुद्रा प्रदाय नबढोस् भन्ने लक्ष्य कायम गरी मौद्रिक, विदेशी विनियम र वित्तीय नीतिहरूमा समन्वय गरिनेछ ।

मैले माथि उल्लेख गरेका समस्याहरूको पृष्ठभूमिमा श्री ५ को सरकारले आगामी वर्षको लागि निम्न अनुसारको नितिहरू अनुशरण गर्ने बेहोरा पेश गर्दछु ।

अल्प समयभित्र उत्पादनमा छिटो वृद्धि गर्ने हाल केही वर्षको लागि अर्थनीतिको मुख्य उद्देश्य हुनेछ । यस कारण सीमित साधनलाई धेरै आयोजनाहरूतर्फ छर्नु वा लामो अवधिपछि मात्र उत्पादन बढाउन सहायक हुन सक्ने आयोजनाहरूमा साधनलाई केन्द्रित गर्नुभन्दा हाल चालू आयोजनाहरूलाई बढी साधनहरू जुटाएर यथासम्भव चांडो पूरा गरी उत्पादन गर्न सक्ने अवस्थामा पुऱ्याउने लक्ष्य राखिनेछ ।

देशको वर्तमान अवस्थामा कृषिले प्राथमिकता पाउनु पर्ने कुरा निर्विवाद छ, तर मैले माथि उल्लेख गरे झैं यो क्षेत्रको विकास जति महत्वपूर्ण छ उत्ति नै गाह्रो पनि छ । कृषि विकास कार्यमा श्री ५ को सरकारले कृषक वर्गलाई सहायता वा सहुलियत प्रदान गर्ने हो । उत्पादनको वृद्धि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४०

वास्तवमा कृषक वर्गको हातको कुरा हो। उत्पादन गरिएका वस्तुहरूको उचित बिक्री तथा वितरणको व्यवस्था नभए कृषकहरूले आफ्नो परिश्रमको अधिकतम फाइदा पाउन नसक्ने हुनाले र यातायातको विकासबाट बजार अर्थ व्यवस्थाको विकास हुनाको साथै कृषकहरूलाई कृषि विकासको निमित्त चाहिने साधनहरू उचित मूल्यमा समयमै उपलब्ध गराउन सहायक हुने भएकोले यातायातको विकासमा लगानी बढाई, छिटो सेवा पुऱ्याउन सक्ने लक्ष्य कायम गरिने छ। कृषकहरूमा उत्पादन बढाउन प्रोत्साहन होस् भनी भूमिसुधार कार्यक्रम चालु गरिएको छ। यसलाई अझ बढी प्रगतिशील बनाउन श्री ५ को सरकार सचेष्ट छ। यसको साथै कृषि विकास बैङ्क र कृषि सप्लाई संस्थानलाई बढी पूंजी उपलब्ध गराउने र कृषि विकासको अन्य काममा बढी जागरूकता ल्याई कृषि उत्पादन बढाउने कामलाई प्रश्रय दिइने छ।

उद्योगतर्फ सरकारी क्षेत्रमा हाल चालू उद्योगहरूलाई आवश्यक पूंजी तथा अरू साधनहरू पुऱ्याई यी उद्योगहरूलाई पूर्ण क्षमतामा चलाएर उत्पादनमा ठोस वृद्धि गर्ने नीति अपनाइने छ। गैरसरकारी क्षेत्र तर्फ स्वदेशी उद्योगहरूलाई विदेशी प्रतिस्पर्धाबाट संरक्षण दिन र देश भित्र औद्योगिकरणको भावनालाई प्रोत्साहित गर्ने ध्येयले प्रचलित ऐन नियम अनुसार कतिपय उद्योगहरूलाई आंशिक वा पूर्णरूपमा कर, अन्तःशुल्क र भन्सार सहूलियत दिई आएको छ। तर थोरै समयमा नै अधिक फाइदा उठाउने र राष्ट्रिय आर्थिक जीवनमा धेरै योगदान गर्न नसक्ने खालका उद्योगहरू पनि यस्तो संरक्षण नीतिबाट प्रोत्साहित भएको कुरा श्री ५ को सरकारले महसूस गरेको छ। अर्कोतर्फ संरक्षणको आडमा उचित प्रतिस्पर्धामा उभिन नसक्ने र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रायः एकाधिकारको सहायताबाट मात्र आफ्नो अस्तित्व जोगाउने खालका व्यवसायहरूलाई पनि अनिश्चित कालसम्म संरक्षण दिंदै जाने नीति श्री ५ को सरकारको होइन। मुलुकको भौगोलिक स्थिति तथा आर्थिक साधनहरूको ख्याल गरी राष्ट्रिय अर्थ व्यवस्थाको विकासमा दीर्घकालीन रूपमा सहायक हुने र उचित समयमा आफ्नो खुट्टामा उभिन सक्ने उद्योगहरूलाई संरक्षण अवश्य नै प्रदान गर्दै जानु पर्दछ। तर उद्योगहरूलाई संरक्षण प्रदान गर्दा, कुन उद्देश्य पूर्तिको लागि, कतिसम्मको लागि र कति परिणामको लागि भन्ने कुराहरूको राम्रो लेखाजोखा गरेर राष्ट्रिय योजनामा स्वीकृत प्राथमिकताक्रमलाई आधार मानेर मात्र संरक्षण प्रदान गर्नु पर्ने अवस्था परेको छ। श्री ५ को सरकारले यस कुराको गहिरो छानबीन गरी आधारभूत तथा राष्ट्रिय योजनाको प्राथमिकताको क्रममा माथि परेका उद्योगहरूलाई मात्र सहूलियत प्रदान गर्ने नीति अपनाउने छ।

विद्युत् शक्तिको वृद्धि गर्न, चालू आयोजनाहरूलाई छिटो पूरा गर्न र क्षमतामा वृद्धि गर्न प्रयत्न गरिने छ। यातायातको साधनको विकासमा पनि चालू महत्वपूर्ण योजनाहरूलाई पूरा गरी सेवामा बिस्तार गर्ने लक्ष्य राखिने छ। विगत वर्षहरूमा झैं सामाजिक सुधारलाई सुसंगठित गरिने छ तर परिवार नियोजनको कार्यक्रमलाई बढी प्राथमिकता दिइने छ।

श्री ५ को सरकारले चालू गरेका कार्यक्रमहरू देश विकासका एक मात्र अङ्ग हुन् र वास्तवमा विकास कार्यको धेरै हिस्सा निजी क्षेत्रमा कृषि, वाणिज्य वा उद्योगमा निहित रहेको कुरा मैले दोहोऱ्याइरहन पर्दैन। अतः यी सब काममा मद्दत तथा सेवा प्रदान गर्न गठन गरिएका वित्तीय,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाणिज्य तथा मौद्रिक संस्थाहरूले अरू व्यापक रूपमा आफ्नो काम सञ्चालन गर्न सकुन् भन्ने दृष्टि-कोणले सरकारी वा निजी संस्थाहरूको आवश्यकतालाई ध्यानमा राखी साधन उपलब्ध गराइने छ । यस्ता संस्था वा संगठनहरूलाई सुदृढ गरी देश विकासमा मद्दत पुन्याउनेतर्फ विशेष जोड दिइने छ । हाल बढ्दो मात्रामा विदेशी विनिमयको सञ्चय भइरहेको सन्दर्भमा कम ब्याजमा विदेश-मा लगानी गर्नुको सट्टा उपर्युक्त कामको निमित्त लगानी गर्नेतर्फ कारवाई गरिने छ ।

पञ्चायती अर्थ व्यवस्थामा निजी, सहकारी तथा सरकारी स्वामित्वको सह-अस्तित्व छ । सरकारी स्तरमा प्रभावकारी आयोजनाहरू चालू गरिने तथा निजी क्षेत्रलाई सहायता पुन्याउने कुरा मैले माथि उल्लेख गरें । पञ्चायतमा विभिन्न तहका पञ्चायतहरूले स्वाबलम्बी हुनेतर्फ लिएका कदमहरू प्रशंसनीय छन् तर तिनलाई अझ बढी प्रभावकारी तुल्याउनु पर्ने कुरा पनि निर्विवाद छ । श्री ५ को सरकार प्रत्येक तहका पञ्चायत तथा वर्गीय संगठनलाई प्रभावकारी तुल्याउन यथासंभव मद्दत पुन्याउनु आफ्नो कर्तव्य सम्झन्छ । मैले पूरक बजेट पेश गर्दा पञ्चायतहरूको कामहरूका लेखाजोखो गर्ने र त्यसको आधारमा भविष्यको नीति निर्धारण गर्ने कुरा उल्लेख गरेको थिएँ । आजसम्मको अनुभवको आधारमा पञ्चायतहरूको कर लगाउन सक्ने अधिकार वृहत् भए तापनि योजनाबद्ध तरीकाले कर लगाएको तथा सङ्कलित साधनको परिचालन भएको उदाहरण धेरै पाइन्नन् । पञ्चायतहरू क्रमिकरूपमा स्वावलम्बी होऊन्, करहरू लगाउँदा श्री ५ को सरकारले क्षमता र आवश्यकताको बीच जुन सामन्जस्य ल्याउने नीतिहरू अपनाएको छ, तिनीहरूसंग स्थानीय करहरूको मेल खाओस् भनी पञ्चायतहरूको कर लगाउने अधिकारलाई पुनरावलोकन गरी नियमवद्ध गरिने छ ।

श्री ५ को सरकारले पञ्चायतहरूलाई प्रदान गर्ने सहायता पनि योजनावद्ध रूपले खर्च होस् भन्ने दृष्टिले आगामी वर्षदेखि आयोजनाहरू जांच बुझ गरी आयोजनाहरूको प्राथमिकता अनुकूल सहायता प्रदान गर्नेछ । प्रशासन आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरे मुताबिक अनुदान दिइंदा आयोजनाहरू उत्पादनशील तथा लेखा परीक्षण गर्न सकिने हुनुपर्दछ भन्ने कुरालाई विशेष ध्यानमा राखिने छ ।

विकास कार्यहरू सञ्चालन गरिंदा यथासंभव देशको सबै भागको विकास गर्ने उद्देश्य राखिएको हो तापनि कुनै कुनै भागमा सरकारी स्तरबाट केही आयोजनाहरू सञ्चालन गर्न सकिएको छैन । देशको प्रत्येक भागमा आफ्नो क्षेत्रको विकासको संभावनाको आधारमा विकास गरिने नीतिलाई कार्य रूप दिन यो वर्ष विशेष प्रयास गरिनेछ । सन्तुलित क्षेत्रीय विकास गर्नलाई आजसम्म कुनै कार्य सञ्चालन गर्न नसकिएका जिल्लाहरूलाई प्राथमिकता दिएर आयोजनाहरू शुरू गरिने छन् । यसरी आजसम्म आर्थिक विकासको क्रमबाट बञ्चित स्थानहरूलाई पनि विकास-को लहरमा ल्याइने छ । सन्तुलित क्षेत्रीय विकासलाई आगामी वर्ष र भविष्यको लागि निर्दिष्ट आधार मानी विकास कार्यक्रम चालू गरिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२३।२४ मा सरकारी क्षेत्रमा भएको आर्थिक कारोबारको संक्षिप्त विवरण पेश गर्दछु । आय रू. ३० करोड ५५ लाख हुने संशोधित अनुमान भएकोमा यथार्थ आय रू. २५ करोड ६७ लाख हुन आएको छ । यसरी संशोधित अनुमान भन्दा करीब १६ प्रतिशत कम आय भएको छ । खास गरी भन्सार, अन्तःशुल्क र मालपोतमा अनुमान गरिएजति राजस्व प्राप्त हुन सकेन । तर २०२२।२३ को यथार्थ राजस्वको तुलनामा भने रू. ४ करोड २ लाख अथवा १९ प्रतिशतले बढी राजस्व आएको छ ।

साधारण बजेटको खर्च रू. १८ करोड ३३ लाख र विकास बजेटको रू. ३० करोड ९५ लाख संशोधित अनुमान भएकोमा यथार्थ खर्च क्रमशः रू. १७ करोड ६ लाख र रू. २६ करोड ८२ लाख हुन आएको छ । यसरी कूल खर्चमा पनि संशोधित अनुमान भन्दा करीब ११ प्रतिशत कम हुन आएको छ । विकास बजेटको खर्चमा मित्रराष्ट्रबाट सहायता स्वरूप प्राप्त हुने रू. १६ करोड ६६ लाखको संशोधित अनुमान भएकोमा रू. १४ करोड २२ लाख र श्री ५ को सरकारबाट रू. १४ करोड २९ लाखको संशोधित अनुमान भएकोमा रू. १२ करोड ६० लाख व्यहोरिएको छ ।

२०२२।२३ को यथार्थ खर्चसंग दांज्दा साधारण खर्चतर्फ रू. २ करोड ३३ लाख अथवा १६ प्रतिशतले बढी खर्च हुन गएको छ तर विकास खर्चतर्फ भने रू. १ करोड २६ लाख अथवा ४ प्रतिशतले खर्च घट्न गएको छ । विकासतर्फ यसरी खर्च घट्न जानुमा बिदेशी सहायता कम प्राप्त भएकोले हुन गएको हो । २०२२।२३ मा रू. १७ करोड ५३ लाखको विदेशी सहायता प्राप्त भएकोमा यस वर्षको सहायता रकममा रू. ३ करोड ३१ लाखले कमी हुन गएको थियो । श्री ५ को सरकारको तर्फबाट भने यस वर्ष विकासतर्फ रू. २ करोड ५ लाख बढी खर्च भएको थियो । यस वर्ष न्यून रू. २ करोड ७ लाख हुने संशोधित अनुमान गरिएकोमा यथार्थ न्यून रू. ३ करोड ९९ लाख हुनगएको छ । सो न्यून रकम रू. ३७ लाखको विदेशी ऋण, रू. ७ लाखको प्राइजबण्ड र बांकी रू. ३ करोड ५५ लाख मौज्दातबाट व्यहोरिएको छ ।

चालू आर्थिक वर्ष २०२४।२५ को संशोधित आय-व्यय सम्बन्धमा पूरक बजेटबाट रू. ३० करोड ७० लाखआय हुने अनुमान भएकोमा रू. ३० करोड ६८ लाख प्राप्त हुने संशोधित अनुमान छ । यो रकम २०२३।२४ को यथार्थ राजस्वको तुलनामा रू. ५ करोड १ लाख अथवा २० प्रतिशतले बढी छ ।

साधारण बजेटको खर्च रू. २० करोड ६ लाख अनुमान भएकोमा संशोधित अनुमान अनुसार रू. १८ करोड ६० लाख अर्थात् ९३ प्रतिशत खर्च हुने देखिन्छ । विकास बजेटमा रू. ३७ करोड ६ लाख खर्च हुने अनुमान भएकोमा रू. २९ करोड ५१ लाख अर्थात् ८० प्रतिशत खर्च हुने संशोधित अनुमान छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०२३।२४ को यथार्थ खर्चको अपेक्षा २०२४।२५ को संशोधित अनुमानमा साधारण खर्चतर्फ रू. १ करोड ५४ लाख अथवा ९ प्रतिशतले र विकास खर्चतर्फ रू. २ करोड ६९ लाख अथवा १० प्रतिशतले वृद्धि भएको छ। विकास बजेटको खर्च व्यहोर्ने स्रोतमा विदेशी सहायताबाट रू. २२ करोड ६३ लाख र श्री ५ को सरकारबाट रू. १४ करोड ४३ लाख अनुमान भएकोमा क्रमशः रू. १६ करोड ७६ लाख र रू. १२ करोड ७५ लाख हुने संशोधित अनुमान छ। तर २०२३। २४ को यथार्थ संग तुलना गर्दा रू. २ करोड ५४ लाखको बढी विदेशी सहायता प्राप्त हुने र श्री ५ को सरकारको तर्फबाट विकासतर्फ रू. १५ लाख बढी खर्च गरिने संशोधित अनुमान छ।

पूरक बजेटमा रू. ३ करोड ८० लाख न्यून हुने अनुमान भएकोमा संशोधित अनुमान अनुसार रू. ६७ लाख मात्र न्यून हुने देखिएको छ। पूरक बजेटको अनुमान पेश गर्दा घाटा बजेट गर्दा मुद्रा प्रदायमा वृद्धि हुने र त्यसबाट महंगीको साथ विभिन्न समस्या उत्पन्न हुनसक्ने भएकोले आर्थिक नियन्त्रणद्वारा घाटाको रकम सकभर कम गरिने कुरा यसै सदनलाई विश्वास दिलाएको थिएँ। तदनुरूप अनावश्यक खर्चमा नियन्त्रण गरियो र रू. १ करोडको निष्काशन गरिएको नयां विकास ऋणपत्रको समेत हिसाब गर्दा रू. ९८ लाखको बचत हुने देखिन्छ तर गत वर्ष खर्च हुन नसकी विभिन्न योजनाको खातामा जम्मा रहेको यस वर्ष खर्च गरिने भएको रू. ६५ लाखको रकम कटाउँदा खूद बचत भने रू. ३३ लाख मात्र देखिन आउँछ।

## ३

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२५।२६ को आय-व्यय अनुमान प्रस्तुत गर्दछु। २०२४।२५ को संशोधित अनुमानको तुलनामा वर्तमान आयका स्रोतहरूबाट राजस्वमा रू. ३ करोड ३६ लाख अथवा ११ प्रतिशतले वृद्धि भई रू. ३४ करोड ४ लाख हुने र विदेशी सहायता रकममा रू. १० करोड ८८ लाख अथवा ६५ प्रतिशतले वृद्धि भई रू. २७ करोड ६४ लाख हुने अनुमान छ। खर्चतर्फ साधारण खर्चमा रू. २ करोड ३० लाख अर्थात् १२ प्रतिशतले बढी रू. २० करोड ९० लाखमा पुग्ने र विकास खर्चमा रू. १६ करोड ३३ लाख अर्थात् ५५ प्रतिशतले बढी रू. ४५ करोड ८४ लाख पुग्ने अनुमान छ।

राजस्वतर्फ वर्तमान स्रोतबाट थप रू. ३ करोड ३६ लाख प्राप्त हुने अनुमान गरिएकोमा भन्सारबाट रू. १ करोड २४ लाख, मालपोतबाट रू. ७५ लाख, करबाट रू. ६५ लाख, अन्तःशुल्क-बाट रू. ३५ लाख, सरकारी व्यावसायिक विभागहरू (सिंचाई र पानी, सञ्चार र यातायात) बाट रू. २३ लाख, वनबाट रू. १२ लाख र ब्याज तथा लाभांशबाट रू. २ लाख बढी राजस्व प्राप्त हुने अनुमान छ। रजिष्ट्रेशन, निजामती प्रशासन र विविधबाट आउने राजस्वमा कुनै परिवर्तन हुने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधारणतर्फ रू. २ करोड ३० लाखको थप खर्च रकम मध्येबाट रक्षामा २४ प्रतिशत, साधारण प्रशासन र सामाजिक सेवामा क्रमशः १६,१६ प्रतिशत, आयकर प्रशासनमा १३ प्रतिशत, आर्थिक सेवामा १० प्रतिशत, वैदेशिक सेवामा ६ प्रतिशत, आर्थिक प्रशासन र योजना तथा विविध-मा क्रमशः ५,५ प्रतिशत, संवैधानिक अङ्गहरूमा ४ प्रतिशत र न्याय प्रशासनमा २ प्रतिशत खर्च हुने अनुमान छ । संवैधानिक अङ्गहरूमा हुने रू. ९ लाखको थप खर्चमा श्री ५ महाराजाधिराज तथा राजपरिवारको खर्च र निर्वाचन आयोगको खर्चमा बाहेक अन्य सबै शीर्षकहरूमा खर्च बढ्ने छ । साधारण प्रशासनतर्फ प्रहरीको खर्चमा रू. ४२ लाखले वृद्धि हुनेछ, तर मन्त्रिपरिषद् र विविध तर्फको खर्चमा भने कम हुनेछ । आयकर प्रशासनमा रू. २९ लाख बढी खर्च हुने अनुमान छ र विशेष गरी यसमा भन्सार र अन्तःशुल्कको प्रशासन सम्बन्धी काममा बढी रकम राखिएको छ । आर्थिक प्रशासन र योजनामा हुने रू. ११ लाखको खर्च वृद्धिमा टक्सार र एकाउण्टेण्ट जनरलको कार्यालयमा बढी खर्च हुनेछ । न्याय प्रशासन र वैदेशिक सेवाको खर्चमा क्रमशः रू. ४ लाख र रू. १३ लाखले वृद्धि गरिएको छ । सामाजिक सेवातर्फ शिक्षामा रू. १२ लाखले, स्वास्थ्यमा रू. ११ लाखले, सूचना तथा प्रसारमा रू. २ लाख जतिले र पञ्चायतमा रू. ११ लाखले खर्चमा वृद्धि हुने अनुमान छ । आर्थिक सेवाहरूतर्फ कृषिमा रू. १ लाखले, वनमा रू. ३ लाखले, सञ्चारमा रू. ६ लाखले र लगानी, ऋण तथा ब्याजमा रू. १९ लाखले खर्चमा वृद्धि हुनेछ, तर उद्योग वाणिज्य, यातायात, विद्युत् र निर्माणतर्फका खर्चमा कमी हुने अनुमान छ । रक्षामा रू. ५५ लाखले बढी खर्च राखिएको छ । विविध खर्चतर्फ मुआब्जा र भैपरिआउने खर्चमा बाहेक अन्य शीर्षकहरूमा रू. ११ लाख थप खर्च हुनेछ ।

महालेखा परीक्षकको विभाग, लोक सेवा आयोग र पञ्चायत शीर्षकमा कामको दृष्टिकोणले दरबन्दीहरू थप भएकोले बढी खर्च आवश्यक हुन आएको हो । मालपोत र वैदेशिक विविध शीर्षकमा पुरानो बांकी दिनु परेको र टक्सारमा साबिक विकास बजेटतर्फ रहेको खर्च साधारण बजेटमा सर्न आएकोले खर्च बढ्न गएको छ । लगानी, ऋण तथा ब्याज शीर्षकमा आन्तरिक ऋणको ब्याज वापत थप रकम समावेश भएको हो । यस बाहेक अरू शीर्षकहरूमा खासगरी वार्षिक तलब भत्तामा हुने वृद्धिबाट थप भएको छ ।

विकास बजेटतर्फ हुने रू. १६ करोड ३३ लाखको बढी खर्चको रकम मध्येबाट आर्थिक सेवाहरूको लागि ८७ प्रतिशत, सामाजिक सेवाहरूको लागि १२ प्रतिशत र आर्थिक प्रशासन र योजनाको लागि १ प्रतिशत छुट्ट्याइएको छ । आर्थिक सेवाहरूतर्फ निर्माणमा रू. ९ करोड ३५ लाख लगानी, ऋण तथा ब्याजमा रू. ३ करोड २७ लाख, कृषिमा रू. ७४ लाख, यातायातमा रू. ३९ लाख, सञ्चारमा रू. २९ लाख, वनमा रू. २२ लाख, उद्योग वाणिज्यमा रू. २ लाख र इञ्जिनियरिङ्गमा रू. ४० हजारले बढी खर्च हुनेछ । तर विद्युत्मा भने रू. ५ लाखले कम खर्च हुनेछ । सामाजिक सेवाहरूतर्फ स्वास्थ्यमा रू. ७६ लाखले, शिक्षामा रू. ७४ लाखले, पञ्चायतमा रू. ४६ लाखले र सूचना तथा प्रसारमा रू. ४ लाखले खर्चमा वृद्धि हुनेछ । आर्थिक प्रशासन र योजनातर्फ रू. १९ लाखले बढी खर्च हुनेछ र विविध शीर्षकतर्फ रू. ११ लाखले कम खर्च हुने अनुमान गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्चवर्षीय योजनामा कृषिलाई बढी प्राथमिकता दिइए अनुरूप कृषिमा बढेको र निर्माण शीर्षकभित्र पनि सिंचाईको खर्चमा बढाइएको छ । शिक्षा र स्वास्थ्य शीर्षकमा विशेष गरेर त्रिभुवन विश्वविद्यालय, बुढानीलकण्ठ नमूना स्कूल र देशको विभिन्न भागमा प्रसूतिगृह निर्माण तथा परिवार नियोजनको लागि बढी रकम समावेश भएको छ । लगानी, ऋण तथा ब्याज शीर्षकमा आगामी वर्ष मित्रराष्ट्र रूसबाट प्राप्त भैरहेको ऋण रू. १ करोड २० लाख र विकास ऋणको रू. १ करोड ३१ लाख भुक्तानी गर्न बढी रकमको आवश्यकता परेको हो । पञ्चायत शीर्षकमा वृद्धि खास गरेर स्थानीय विकासको लागि रू. ४० लाख छुट्टयाएबाट हुन गएको हो । यातायात र सञ्चार शीर्षकमा हवाई सेवा सुलभ गराउन र ट्रङ्क टेलिफोनको व्यवस्था गर्न बढी रकम समावेश भएको छ । निर्माण शीर्षकमा सिद्धार्थ राजमार्ग पूरा गर्ने लक्ष्य राखी बजेट समावेश भएको छ । धनगढी-डँडेलधुरा-डोटी सडक पनि आगामी वर्षदेखि द्रुततरगतिले निर्माण कार्य चालू गर्न बजेट उट्टयाइएकोछ। उद्योग शीर्षकमा संशोधित अनुमान सरह बजेट समावेश भएतापनि आगामी वर्षदेखि उत्पादन शुरू गरिसकेको ईंट टायल कारखाना र कृषि औजार कारखाना जस्ता आयोजनाहरूलाई स्वावलम्बी बनाउने दृष्टिकोणले क्रमशः बांकी निर्माण र चार महीनाको बजेट मात्र व्यवस्था भएको छ । यसको अलावा रू. १ करोड जतिको रकम चालू पूंजी बेगर पूर्ण क्षमतामा उत्पादन गर्न नसकेका उद्योगहरू तथा अन्य संस्थानहरूलाई पूंजी उपलब्ध गराउन लगानी, ऋण तथा ब्याज शीर्षकमा व्यवस्था पनि भएको छ ।

विकास बजेटको खर्च व्यहोर्ने स्रोत मध्ये श्री ५ को सरकारबाट रू. १८ करोड २० लाख अर्थात् कूल विकास खर्चको ४० प्रतिशत व्यहोर्ने भएको छ । यो रकम २०२४।२५ को संशोधित अनुमानको तुलनामा रू. ५ करोड ४५ लाख अर्थात् ४३ प्रतिशतले बढी छ । विदेशी सहायता मध्ये भारतबाट रू. १४ करोड ५८ लाख अर्थात् ३२ प्रतिशत, चीनबाट रू. ६ करोड १२ लाख अर्थात् १३ प्रतिशत, अमेरिकाबाट रू. ५ करोड ६३ लाख अर्थात् १३ प्रतिशत र रूस, बृटेन, स्विजरल्याण्ड तथा युनेस्कोबाट रू. १ करोड १ लाख अर्थात् २ प्रतिशत प्राप्त हुने अनुमान गरिएको छ । देश विकासको काममा आर्थिक तथा प्राविधिक सहायता दिने सबै मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संस्थाहरूलाई यस अवसरमा धन्यवाद ज्ञापन गर्न चाहन्छु

## ४

अध्यक्ष महोदय, मैले माथि प्रस्तुत गरेको व्ययको अनुमान अनुसार खर्च रू. ६६ करोड ७४ लाख हुने र हाल प्रचलित करको दरबाट आय रू. ३४ करोड ४ लाख हुने तथा विदेशी सहायताबाट रू. २७ करोड ६४ लाख प्राप्त हुने हुँदा हुन आउने न्यून रू. ५ करोड ६ लाख पूरा गर्नेतर्फ केही थप कर प्रस्तावहरू पेश गर्दछु ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आगामी वर्ष विभिन्न करहरूको दरमा प्रस्ताव गरिएका हेरफेरहरूमा मुख्यत: (१) राजस्व प्रशासन सरल गर्ने, (२) पैठारी वस्तुहरूको प्रतिस्पर्धामा स्वदेशी उत्पादन लाभप्रद बनाउने, (३) जनसाधारणको बढ्दो क्रयशक्तिबाट विलासका सामानहरू बढी उपभोग गर्ने प्रवृत्तिलाई निरूत्साह गर्ने र (४) मनासिब परिमाणमा विकासको लागि बढी राजस्व सङ्कलन गर्ने ध्येय र आधार राखिएका छन् । यी मध्ये पनि राजस्वतर्फ प्रशासन सरल, व्यापक र प्रभावकारी बनाउने लक्ष्य नै प्रमुख रहने छ । भंसार दरबन्दीहरूलाई केही हदसम्म सरल बनाइएको छ तापनि यसमा अध्ययन जारी नै राखिने छ । यस्तै कर र अन्त:शुल्कको प्रशासनमा पनि करदाताहरूलाई हुने हैरानी न्यूनतम गर्ने र प्रशासनको प्रभावकारिता व्यापक बनाउने उपायहरूको खोजी अरू लगनका साथ जारी राखिने छ । अर्थशास्त्रका विशेषज्ञहरू जनप्रतिनिधिहरू र करदाताहरूसंग समय समयमा परामर्श गरी विभिन्न करहरूको दरबन्दी र प्रशासनलाई सरल, व्यावहारिक र आर्थिक स्थितिको पृष्ठभूमिमा वैज्ञानिक रूपमा आधारित गर्ने प्रयत्न तर्फ बढी ध्यान दिइने छ ।

अध्यक्ष महोदय, भंसार दरमा ज्यादा वृद्धि हुँदा भंसार चोरीको प्रवृत्तिले बढी प्रश्रय पाउने अनुभवको दृष्टिकोण र नयाँ मुद्रा नीति अनुसार विगत मार्गमा धेरै सरचार्जहरू छुट गरिएका थिए । यी छूटहरूको प्रभाव अधिराज्यको दक्षिण सीमा नजिक स्थित बजारहरूमा फेरि जागरण भएको व्यावसायिक स्फूर्तिबाट स्पष्ट हुन्छ, तथापि राष्ट्र विकास कार्यमा सबै वर्गबाट सक्दो योगदान हुनै पर्ने हुनाले २०२५।२६ को लागि भंसार दरबन्दीमा केही सरचार्जहरू लगाउने आर्थिक सल्लाहकार परिषद्को सिफारिश श्री ५ को सरकारले स्वीकार गरेको छ । यी सरचार्जहरू २०२२।२३ को शुरूतिर लागि आएका सरचार्जहरू बराबर वा ती भन्दा पनि कम छन् । नेपाली रूपैयाँको तत्कालीन तथा हाल प्रचलित विनिमय दरको समेत हिसाब गर्दा हाल प्रस्तावित सरचार्जहरू त्यस बेलाका सरचार्जहरू भन्दा अझ कम हुन आउने छन् । यस्तै गरी देशभित्र उत्पादन वा प्रशोधन हुने दैनिक उपभोगका केही सामानहरूमा अन्त:शुल्क लगाउने आर्थिक सल्लाहकार परिषद्को सिफारिश पनि स्वीकार गरिएको छ ।

यी बाहेक श्री ५ को सरकारले विगत कैयौं वर्षदेखि विकास कार्यमा गरेको लगानीको मनासिब प्रतिशत लाभांश नउठाएमा सम्बन्धित क्षेत्रहरूको अरू विस्तार गर्न मुश्किल हुने हुनाले र छिमेकी देशहरूमा प्रचलित दरबन्दीको अनुपातमा यहाँ पनि केही हेरफेर गर्नु आवश्यक भएकोले हुलाक, यातायात र टेलिफोन जस्ता सेवाहरूमा दर वृद्धि गरिदैछ ।

अध्यक्ष महोदय, मैले उल्लेखगरेका ध्येय र आधारहरूको पृष्ठभूमिमा आगामी वर्षको लागि प्रस्तावित दरबन्दी हेरफेरहरूको विवरण अब पेश गर्दछु ।

भंसारतर्फ पैठारीमा सूती कपडामा २ प्रतिशत, ऊनी, रेशमी, नाइलन, टेरिलिन कपडामा ३ प्रतिशत, चिया, कफी, कोकोमा ५ प्रतिशत, नाइलन बटनमा ५ प्रतिशत, लुगाधुने साबुनमा २ प्रतिशत, नुहाउने साबुनमा ५ प्रतिशत, ड्राइ ब्याटरीमा ५ प्रतिशत, पावर भएको चश्माको र प्रयोगशालाको कामको बाहेक अन्य काँचका माल, चिनिया माटोको माल, प्लाष्टिकका माल र रबरका मालमा ५ प्रतिशत, मोटर कारको महसूलमा १८ देखि ३० प्रतिशत वृद्धि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको छ । टीन कन्टेनरमा २ प्रतिशत, फास्नरमा ४ प्रतिशत र कब्जा छेस्कनीमा २½ प्रतिशत महसूल बढाइएको छ । आलो मासुमा ५ प्रतिशत पैठारी महसूल लगाइएको छ । समुद्रपारबाट पैठारीमा चिनीमा प्रति क्विंटल रू. ७८।– र कोल्ड रोल्ड शीटमा प्रति टन रू. ४००।– गरिएको छ तथा क्यामेरा, फिल्म, ट्रान्जिष्टर रेडियो, टेपरेकर्डरमा ५ प्रतिशत र नक्कली गहना र धूप चश्मामा १० प्रतिशत महसूल वृद्धि गरिएको छ । बस, ट्रकको अस्थायी पैठारी महसूल रू. २०।– प्रतिदिन र मोटर साइकलको ।५० पैसा प्रतिदिन राखिएको छ ।

निकासी महसूलतर्फ धान, मकै, गहूँ र जौमा १ पैसा प्रति किलोग्राम, तोरी, तिल, रायो, सरस्यूंमा ५ पैसा प्रति किलोग्राम र आलसमा ३ पैसा प्रति किलोग्राम वृद्धि गरिएको छ । बिडीको पातमा २ प्रतिशत महसूल बढाइएको छ ।

कतिपय कृषि पैदावार– मकै, जौ, कोदो इत्यादिमा पैठारी महसूल कम र निकासी महसूल बढी देखिएकोले स्वदेशमा बढी उत्पादन तर्फ प्रोत्साहनहोस् भन्ने ध्येयले निकासी दरलाई पैठारी दर भन्दा कम वा बराबर गरिएको छ । स्वदेशी उद्योगहरूले पर्याप्त मात्रामा तयार गर्न सक्ने खालका मालसामानहरूको पैठारी दरमा केही वृद्धिगरिएको छ । मलखादमा पैठारी भन्सार माफी भै आएकोमा सोही बमोजिम कायम राखिएको छ र कृषिको लागि ट्याक्टरमा पैठारी महसूल माफ गरिएको छ । कृषिको लागि उपयोग गरिने डिजेलको पैठारी महसूलमा केही रिहाई दिइआएको प्रथा कायम गरी अब सिंचाईको काममा प्रयोग हुने पानी तान्ने मेसिन, पम्प र त्यसको सामग्रीमा पैठारी महसूल माफी गरिने छ ।

केही औषधीहरूमा २ प्रतिशत पैठारी महसूल लागि आएकोमा १ प्रतिशत गरिएको छ । प्रशोधन उद्योगहरूको प्रोत्साहनको लागि खाली बोतलहरूमा ६ प्रतिशत पैठारी महसूल घटाइएको छ । "गाउँ फर्क" राष्ट्रिय अभियानको सिलसिलामा सबै प्रकारको सूती धागोमा पैठारी दर १ प्रतिशत गरिएको छ तथा चर्खा र घरेलु कपडा बुन्ने तान सामग्रीमा पैठारी महसूल माफ गरिएको छ ।

भन्सारको दरबन्दीमा महसूल र सरचार्जका विभिन्न महलहरू भै असुविधा भएको हुनाले प्रशासन सरलताको लागि तिनीहरूको हिसाब गरी महसूल र सरचार्जका दुइ महलहरू मात्र कायम गरिएको छ ।

मित्रराष्ट्र भारतसंगको व्यापार सम्झौता अनुसार अन्य देशहरूबाट हुने पैठारीमा कमसेकम भारतमा उस्तै वस्तुमा लागेको अन्तःशुल्क सरह पैठारी महसूल लगाउनु पर्ने भएकोमा नेपाली मुद्राको नयाँ विनिमय दर कायम भएपछि त्यसै अनुसार केही दरबन्दीहरू मिलाउँदा पनि केही वृद्धि हुन गएको छ ।

पैठारी भएका वस्तुहरूको मूल्यको परिभाषामा कस्टम्सको अपरेटिभ काउन्सिलको सिफारिश अनुसार काउन्सिलका धेरै सदस्य देशहरूले सामान्यतः वस्तुको भन्सारमा प्रवेश गर्ने स्थान र समयको मूल्यलाई मान्ने गरिआएको छ । आइन्दा यहाँ पनि मूल्यको परिभाषा सोही बमोजिम कायम गरिने छ अर्थात्, मूल्य निर्धारण गर्दा वस्तुको खरीद मूल्यमा अधिराज्यको सीमानासम्मको ढुवानी र बीमा खर्च जोडी मूल्य कायम गरिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अरूमा भन्सार दरबन्दीको अनुसूचीहरूमा उल्लेख भए बमोजिम हुनेछन् । आजैदेखि साबिकको भन्सारका सबै अनुसूचीहरू खारेज गरिएका छन् ।

भन्सार दरबन्दीहरूको हेरफेरबाट रू. १ करोड ६ लाख थप राजस्व आउने अनुमान छ ।

देशमा औद्योगीकरणको शुरूआत मात्र भएकोले अन्तःशुल्कबाट धेरै बढी रकम आम्दानी गर्न सम्भव भएको छैन तथापि भएका उद्योगहरूले पनि देश विकासको क्रममा प्रभावकारी भाग लिनु पर्ने भएकोले र हाल अधिराज्यमा केही व्यापक रूपमा खाद्यान्न सम्बन्धी उद्योगहरू भएको हुनाले अबदेखि चामल मीलहरूको उत्पादनमा १ पैसा प्रति किलोग्राम अन्तःशुल्क लगाइने छ । चिम्नी भट्टाको इँटमा १ रूपैयाँ प्रति हजार, खांडसारीमा प्रति क्विन्टल रू. १३।३६ र कृत्रिम रेशाबाट तयार हुने कपडामा हालको दरबन्दीको सट्टा मूल्यको ३ प्रतिशत र बिडीमा रू. १।२५ प्रति हजार अन्तःशुल्क लगाइएको छ । कृषि उत्पादनतर्फ गत साल एकै पटक धेरै वृद्धि गरिएकोमा चोरी छलीको प्रवृत्तिलाई प्रोत्साहन प्राप्त भई उद्घोषित नीतिको परिपालना नभएबाट आगामी वर्षको लागि प्रति बिगाहा दर रू. ३५००।– कायम गरिएको छ । यी थपहरूबाट रू. ४५ लाख बढी आम्दानी हुने अनुमान छ । आगामी वर्षमा केही कच्चा तथा मादक पदार्थ रकमहरूको ठेक्का प्रथाको अन्त गरी औद्योगिक व्यवस्था गर्ने कार्यतर्फ प्रभावकारी कदमहरू उठाइने छ । अन्य अन्तःशुल्कका दरहरू पूर्ववत् कायम छन् ।

करतर्फ दर वृद्धि भन्दा प्रशासनमा सरलता र व्यापकताद्वारा नै आगामी आर्थिक वर्षमा बढी आम्दानी गर्ने लक्ष्य राखिएको छ । आयकरमा व्यक्ति वा दम्पती, परिवार, फर्म, लिमिटेड कम्पनी तथा संस्थानहरूको खुद मुनाफामा छुटको सीमा साबिक बमोजिम राखी करको दरबन्दी निम्नलिखित बमोजिम राखिएको छ ।

| | | | |
|---|---|---|---|
| पहिलो | रू. | १०,००० सम्ममा | ७ प्रतिशत |
| त्यसपछिको | " | १०,००० सम्ममा | १० प्रतिशत |
| " " | " | १०,००० सम्ममा | २० प्रतिशत |
| " " | " | १०,००० सम्ममा | ३५ प्रतिशत |
| त्यसभन्दा माथि जतिसुकै भए तापनि | | | ५५ प्रतिशत |

१८० दिनभन्दा कम अधिराज्यमा बसोबास गर्ने व्यापारी, फर्म वा कम्पनीहरूले गरेको आयमा कुनै प्रकारको छुट नदिई निम्नलिखित दरबन्दी कायम गरिएको छ ।

| | | | |
|---|---|---|---|
| पहिलो | रू. | १०,००० मा | १५ प्रतिशत |
| त्यसपछिको | " | १५,००० मा | २५ प्रतिशत |
| " " | " | १५,००० मा | ३५ प्रतिशत |
| त्यसभन्दा माथि जतिसुकै भएतापनि | | | ५५ प्रतिशत |

बिक्री करको हकमा साबिक दरहरू कायम राखी केही वस्तुहरूलाई मात्र एक अनुसूचीबाट अर्को अनुसूचीमा सारिएको छ । यसको अतिरिक्त केटाकेटीको खाद्य पदार्थ बाहेक अरू टीनमा प्याक गरिएको खाद्य वस्तुहरू, चिया, कफी, खाने मसलाहरू आदिमा पनि आजैका मितिदेखि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची क. अनुसार बिक्री कर लगाइएको छ । अन्य बिक्री करहरू पहिले बमोजिम राखिएका छन् ।

कर निर्धारण प्रणाली यथाशक्य छिटो, सरल, र झँझट रहित बनाउन आगामी वर्षमा विशेष प्रयास गरिने छ । माथि उल्लिखित दरबन्दीहरूको सामान्य हेरफेरबाट रू. ६५ लाख थप राजस्व आउने अनुमान गरिएको छ ।

आगामी वर्षमा मालपोत र रजिष्ट्रेशन दर साबिक बमोजिम कायम गरिएका छन् । हुलाक सेवा अब व्यावसायिक होस् र यसको विस्तार गर्न सकियोस् भन्ने दृष्टिकोण राखी आर्थिक वर्ष २०२५।२६ देखि चिट्ठीमा पहिलो १५ ग्रामको ।१५ पैसा भएकोमा अब नेपाल र भारतको लागि ।२५ पैसा कायम हुनेछ । अन्य हुलाक दरहरू पनि त्यसै अनुपातमा बढाइने छन् । यसबाट रू. ८ लाख थप आम्दानी हुने अनुमान छ ।

टेलिफोनतर्फ पनि आर्थिक वर्ष २०२५।२६ देखि हालको दरको सट्टा मासिक दर रू. ४०।– गरी १०० कल प्रति महीना बिना शुल्क र त्यसपछि प्रति कल ।२० पैसा कायम गरिने छ यसबाट थप रू. १४ लाख आउने अनुमान गरिएको छ ।

काठमाडौंमा धारा महसूल, आगामी वर्षदेखिलाई आधा इञ्च व्यासको मासिक महसूल रू. ७।– र त्यसको शाखालाई मासिक रू. २।– कायम गरिएको छ । आधा इञ्च भन्दा बढी व्यासका धाराहरूको हकमा साबिक दर कायम रहने छन्, तर मिटर लागेको ठाउँमा प्रति २० लिटरको १ पैसाको हिसाब गरी उल्लिखित मासिक दर वा मिटरको हिसाबबाट आएको रकम जुन बढी हुन्छ सोही लिइने छ । सार्वजनिक धारा र सरकारी कार्यालयहरूको धारामा भने साबिक अनुसार महसूल लाग्ने छैन : यो दर परिवर्तन बाट रू. २ लाख थप राजस्व आउने अनुमान छ ।

हवाई सेवा तर्फ आइन्दा डि. सी. ३ र सो सरहमा तथा एफ २७ र सो सरहमा क्रमशः अन्तर्राष्ट्रिय उडानमा रू. ६०।– र रू. १००।– ल्याण्डिङ्ग चार्ज लिइने छ । आन्तरिक उडानमा भने साबिक दर कायम छ । सबै किसिमको हवाई जहाजको पार्किङ्ग चार्ज रू. ५०।– लिइने छ । हवाई उडान करको हकमा अब सबै अन्तर्राष्ट्रिय यात्रुसंग प्रति व्यक्ति प्रति उडान रू. १०:। लिइने छ । यी हेरफेरहरूबाट थप रू. ६ लाख आम्दानी हुनेअनुमान छ ।

अध्यक्ष महोदय, श्री ५ को सरकारले आन्तरिक स्रोतबाट र सहयोगी मित्रराष्ट्रहरूको सहायताबाट सालसालै कतिपय आयोजनाहरूमा लगानी गर्दै आएको छ । यी लगानीहरूबाट राजस्वमा प्रत्यक्ष आम्दानी वृद्धि देखिने सम्भव भैसकेको छ भन्ने श्री ५ को सरकारलाई लागेको छ । यद्यपि राजस्वको लागि भन्सार र बिक्री कर तथा मालपोतको वृद्धिमा नै प्रमुख रूपमा भर पर्नुपर्ने स्थिति राम्रो होइन । अगामी वर्षमा सम्बन्धित प्रशासकीय अधिकृतहरूको एक आय समिति गठन गरी श्री ५ को सरकारले गरेको लगानीहरूको विश्लेषणात्मक अध्ययन गरी लगानीको अनुपातमा फाइदा उठ्न नसक्ने कारणहरूको छानबीन गरी व्यावसायिक लगानीहरूबाट मनासिब अनुपातमा लाभ लिने प्रयास गरिने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यसरी थप करबाट रू. २ करोड ४६ लाख आम्दानी भए तापनि घाटा रकम रू. २ करोड ६० लाख जति बांकी नै रहन जान्छ । त्यसमध्ये रू. २ करोड दीर्घकालीन विकास ऋणपत्र बिक्री गरी उठाउने प्रस्ताव राख्दछु । आगामी आर्थिक वर्षमा श्री ५ को सरकारले रू. २ करोड करोड ६४ लाख ऋण तिर्ने व्यवस्था बजेटमा गरेको छ । हाल प्रस्तावित ऋण रू. २ करोडको भएकोले श्री ५ को सरकारको ऋणप्रतिको दायित्वमा रू. ६४ लाख कम हुनेछ । यसरी बांकी हुन आउने रू. ६० लाख जति खूद न्यून हुने देखिन्छ तापनि विगत वर्षहरूको अनुभवबाट खर्चमा कमी भएरसन्तुलित हुनेछ । त्यसो नभएमा त्यति रकम मौज्दातबाट व्यहोरिने छ ।

५

अध्यक्ष महोदय, अब म आर्थिक वर्ष २०२५।२६ को विदेशी विनियम आय-व्यय सम्बन्धी विवरण पेश गर्दछु । नेपाली मुद्राको अवमूल्यन पछि हाम्रो विदेशी विनियमको सञ्चयमा द्रुतगतिले बृद्धि हुँदै गएको कुरा मैले माथि नै उल्लेख गरिसकेको छु ।

चालु आर्थिक वर्ष २०२४।२५ मा परिवर्त्य विदेशी मुद्राको आय रू. १० करोड अनुमान गरिएकोमा संशोधित अनुमान अनुसार रू. २२ करोड ४ लाख पुगेको छ । व्ययतर्फ रू. ९ करोड ४० लाख अनुमान गरिएकोमा रू. ११ करोड ३४ लाख खर्च हुने संशोधित अनुमान छ । यसरी रू. ६० लाख बचतको अनुमान गरिएकोमा रू. १० करोड ७० लाख बचत हुने भएको छ । शुरूको अनुमान र संशोधित अनुमानमा धेरै फरक देखिनाका कारणहरूमध्ये अवमूल्यनपछिको आय र खर्चको रकम नयाँ विनिमय दरले मूल्याङ्कन गरिनाले पनि हुनगएको हो । २०२३।२४ को यथार्थको तुलनामा आय रू. ९ करोड ८० लाख वा ८० प्रतिशतले र खर्च रू. ४ करोड २८ लाख वा ५८ प्रतिशतले बढ्ने छ ।

गत वर्षको तुलनामा आयका सबै जसो श्रोतहरूबाट गतवर्षभन्दा बढी आम्दानी भएको छ । दृश्य निर्यातबाट रू. ३ करोड ६५ लाखले बढी रू. ९ करोड ४० लाख हुने संशोधित अनुमान छ । दृश्य निर्यातबाट निकै नै बृद्धि हुनु उत्साहबर्द्धक कुरा हुनाको साथै हाम्रो व्यापारको परिमाण बृद्धि गर्ने र व्यापारमा अनेकता ल्याउने नीतिको सफलताको द्योतक हो । त्यस्तै पर्यटन-बाट पनि गतबर्षभन्दा धेरै बढी आय हुने संशोधित अनुमान छ । अदृश्य निर्यातका अन्य परम्परागत स्रोतहरूबाट हाम्रो आय सीमितमात्र हुने नभै घट्दै जाने प्रवृत्तिको सन्दर्भमा पर्यटनले विदेशी मुद्रा आर्जन गर्ने मुख्य स्रोत हुनेछ भन्ने कुरा सर्वमान्य छ । तसर्थ पर्यटनको विकासको लागि श्री ५ को सरकारले बढी ध्यान दिनेछ र पर्यटकहरू बढी मात्रामा देशभित्र आउन सकुन भन्ने उद्देश्यले हवाई मार्ग र होटल विकासको लागि आवश्यक कदमहरू चालिने छन् । यसबाट केही वर्षमा पर्यटन नै मुख्य विदेशी मुद्रा आर्जन गर्ने स्रोत हुन सक्ने विश्वास गर्न सकिन्छ । विविधशीर्षकबाट पनि रू. ४५ लाख बढी आम्दानी हुने संशोधित अनुमान छ । यसरी सबै जसो स्रोतहरूबाट आय धेरै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नै बढेको छ । खर्चतर्फ पनि गत वर्षको तुलनामा ५८ प्रतिशतले बढी खर्च हुन गएको छ । यस वर्षको बढी निर्यात आम्दानीबाट रू. ६ करोड १५ लाखको बोनस दिइने भएको हुनाले पनि खर्चमा अपेक्षाकृत रूपले बृद्धि हुन गएकोहो । मालसामानको आयात यस वर्ष अपेक्षाकृत कम भएको देखिन्छ । यसो हुनुमा देशमा समुद्रपारबाट उपभोग्य वस्तुहरू आयात गरी मूल्य स्थिर राख्ने भन्ने कार्यक्रम रहेकोमा निर्यातकर्ताहरूले पाएको बोनसबाट नै आवश्यकता अनुसारको उपभोग्य मालसामानहरूको आयात भई बजारमा पूर्तिको अभाव नहुँदा आयात गर्नु नपर्नाले हो ।

आर्थिक वर्ष २०२५।२६ को निमित्त परिवर्त्य विदेशी मुद्राको आय रू. २१ करोड ५० लाख र व्ययतर्फ रू. १६ करोड ४८ लाख हुने अनुमान राखिएको छ । यस वर्षको आयभन्दा आगामी वर्षको आय कम हुने अनुमान छ । यसो हुनमा आगामी वर्षको आयको अनुमानमा विदेशी सहायताको रकमबाट कम परिवर्त्य मुद्रा प्राप्त हुने अनुमान गरिनाले पनि हो । वास्तवमा निर्यात र पर्यटनबाट आगामी आर्थिक वर्षमा प्रशस्त आय बृद्धि हुने अनुमान छ । खर्चतर्फ यस वर्षभन्दा धेरै नै बढी रकम राख्नु पर्ने कारणमा हाम्रो मुद्राको अवमूल्यनबाट खर्चमा बृद्धि हुनाको साथै विकास र उपभोग्य वस्तुको आयात शीर्षकमा बढी रकम छुट्याइएकोले हो । यसरी आगामी वर्ष रू. ५ करोड २ लाखको बचत हुने अनुमान छ ।

## ६

अध्यक्ष महोदय, हाल चालू वर्षमा अवमूल्यन जस्तो महत्वपूर्ण आर्थिक कदम हामीले चालेको सर्वविदित नै छ । मैले यो वर्षको आर्थिक कार्यक्रमको मूल्याङ्कन गर्दा अवमूल्यनपछि देशको वित्तीय तथा मौद्रिक क्षेत्रमा आएका सुधारहरूको उल्लेख गरें । आर्थिक नीतिहरूलाई समय र परिस्थिति अनुकूल मोड दिनु पर्दछ भन्ने तथ्यलाई बुझी अवमूल्यन लगायत श्री ५ को सरकारले अपनाएका अन्य आर्थिक नीतिहरू प्रभावकारी भएको कुरा यसबाट प्रमाणितहुन्छ । यिनै नीतिहरूलाई अरू बढी सुदृढ गरी विकासको क्रममा अघि बढ्ने लक्ष्य राखेर यो बजेट प्रस्तुत गरेको हुँ ।

वित्तीय स्थितिमा सुधार भएको हुँदा आगामी आर्थिक वर्ष विकासतर्फ निकै धेरै लगानी बढाउने कुरा मैले माथि आय-व्ययको विवरण पेश गर्दा भनिसकेको छु । आगामी वर्ष पञ्चवर्षीय योजनाको चौथो वर्ष हो र योजनामा निर्दिष्ट लक्ष्यहरू हासिल गर्न विकास खर्चमा अहिलेकोभन्दा निकै बृद्धि गर्नु परेको छ । आर्थिक वर्ष २०२३।२४ मा गएर वित्तीय घाटाको परिमाणमा निकै नै बृद्धि हुन गएकोले लगातार घाटाको वित्तव्यवस्थाबाट विकास खर्च व्यहोर्नु राष्ट्रिय अर्थव्यवस्थाको निमित्त लाभप्रद हुँदैन भन्ने दृष्टिले२०२४।२५ मा खर्चमा नियन्त्रण गरिएको हो, तथापि उक्त वर्ष विकास खर्चमा १० प्रतिशतले बृद्धि हुनगएको अनुमान छ । आज मैले वित्तीय स्थितिको जुन चित्रण पेश गरें त्यसबाट भविष्यको लागि आशावादी हुनसक्दछौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुन त आर्थिक विकासको निमित्त बढ्दो मात्रामा साधन जुटाउनु एक प्रमुख समस्या हो तापनि हामीमा प्राविधिक ज्ञान र प्रशासकीय क्षमताको कमी भएको हुँदा उपयुक्त आयोजना र विकास कार्यक्रमहरूको तर्जुमा गर्न नसक्नु बाधाको रूपमा खडा हुन आएको छ । यो तथ्य पञ्चायती कर र अनिवार्य बचत तर्फ गत केही वर्षदेखिको हाम्रो अनुभवबाट सिद्ध हुन्छ । स्वस्थ आर्थिक विकासको निमित्त साधनहरूको परिचालन जति महत्वपूर्ण छ उत्तिकै महत्वपूर्ण ती सङ्कलित साधनहरूको उचित उपयोगको पनि छ । तत्र साधनहरूको दुरूपयोग हुन्छ र उक्त साधानहरूको लगानीबाट देशले पूर्ण फाइदा उठाउन सक्दैन र त्यस हद सम्म आर्थिक विकासको गति सुस्त हुन्छ । योजनाबद्धविकासको क्रमलाई अरू प्रभावकारी बनाउन विशेषज्ञहरू रहेको नयाँ राष्ट्रिय योजना आयोग खडा गरिएको छ । नव गठित राष्ट्रिय योजना आयोगले चालू योजनालाई नयाँ मोड दिन तथा आगामी पञ्चवर्षीय योजनाको तर्जुमा गर्नेछ, साथै आयोजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्ने काममा मन्त्रालयहरूलाई मद्दत गर्नेछ । यस प्रकार भविष्यमा शुरू गरिने आयोजनाहरू बढी सुनियोजित हुनेछन् भन्ने आशा गर्दछु ।

अध्यक्ष महोदय, पूरक बजेट पेश गर्दा प्रचलित करहरूको दरमा मात्र बृद्धि गरेर साधन परिचालन गर्नुभन्दा करको ढाँचा नै बदल्नु पर्ने आवश्यकताको उल्लेख गरेको थिएँ । यो काम गर्न व्यापक अध्ययन र अनुसन्धान हुनु आवश्यक छ । कुनै पनि आधार खडा गरिंदा त्यसको ऐतिहासिक पृष्ठभूमि हुन्छ जसलाई त्यागनुभन्दा अधि त्योभन्दा प्रभावकारी र व्यावहारिक आधार खडा गरिनु पर्दछ । यस क्रममा श्री ५ को सरकारलाई सल्लाह दिन एक आर्थिक सल्लाहकार परिषद् गठन गरी त्यसको प्रतिवेदनमा परेका केही सुझावहरूलाई नयाँ कर प्रस्तावमा समावेश गरेको कुरा मैले माथि उल्लेख गरिसकें ।

उक्त परिषद्को प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि प्रकाशनमा ल्याइँदैछ । परिषद्को सल्लाहमध्ये हालको मालपोतलाई उत्पादनमा आधारित गरी नयाँ दररेट कायम गर्ने सुझाव अपनाउनुभन्दा पहिले यसबारे श्री ५ को सरकार अध्ययन गर्दैछ । वर्तमान करको ढाँचालाई वैज्ञानिक आधारको आवश्यकता परेको छ भन्ने कुरामा म विश्वस्त छु । तर उक्त आधारको राम्ररी छानबीन गरी देशको विभिन्न क्षेत्रमा त्यसको असर के कस्तो पर्दछ सबै बुझ्न समय लाग्ने भएकोले यो चालू वर्ष उक्त सुझावहरूको साथै अन्य विकल्पहरूको सम्भावनामा पनि विचार गरी आगामी वर्षमा करको ढाँचामा परिवर्तन गरिने छ ।

अध्यक्ष महोदय, पूरक बजेट पेश गर्दा प्रशासन यन्त्र बढी खर्चिलो भयो कि भन्ने आशङ्का व्यक्त गर्दै प्रशासनलाई छिटो छरितो तुल्याउन तथा कम खर्चिलो गर्ने अभिप्रायले प्रशासन आयोग गठन गरेको कुरा सबैलाई विदितै छ । उक्त आयोगको प्रतिवेदन हाल श्री ५ को सरकारको विचाराधीन छ । यस आर्थिक वर्षमा आयोगको सिफारिशमा परेका उपयुक्त सुझावहरूलाई यथासम्भव लागू गरिने छ र निम्न प्राथमिकताको काममा सकेसम्म कम खर्च गर्ने श्री ५ को सरकारको नीति रहने छ । उक्त आयोगको प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि छिट्टै प्रकाशनमा पनि ल्याइने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीहरू सेवामा रहँदा प्रत्येक महीनामा पाउने तलब मध्येबाट केही प्रतिशत कट्टी गरी सञ्चय गराउने उद्देश्यले कर्मचारी सञ्चय कोषको व्यवस्था भएको हो। यसरी कर्मचारी-को तलबबाट कट्टी भएको रकमको १० प्रतिशत श्री ५ को सरकारले थप गरिदिने व्यवस्था भइरहेकोमा सो सुबिधामा थप गर्न आवश्यक भएकोले राजपत्राङ्कित कर्मचारीहरूको सञ्चय कोष कट्टिको २५ प्रतिशतका दरले र राजपत्र अनङ्कित कर्मचारीहरूको सञ्चय कोष कट्टीको ५० प्रतिशतका दरले आगामी आर्थिक वर्षदेखि थप गरिदिने व्यवस्था गरिएको छ । साथै हालसम्म कर्मचारीहरूले पाउने घरबिदाको सट्टा बिदा नबसी काम गरेमा पारिश्रमिक दिने गरिआएकोमा काम गर्ने व्यक्तिको सुविधा तथा अन्य कारणहरूबाट लगातार काम गराई रहनु अहितकर तथा वाञ्छनीय नहुने तथा दक्षतामा समेत प्रतिकूल असर पर्न सक्ने हुनाले अब उप्रान्त यस्तो सञ्चित बिदाको पारिश्रमिक नपाउने गरिएको छ ।

अध्यक्ष महोदय, आज हाम्रो अगाडि चुनौती धेरै छन् । साधनको कमी छ तैपनि हामी नेपाली कुनै समयमा पनि हतोत्साह नभई अगाडि बढ्दैछौं । मैले माथि पनि व्यक्त गरेको छु कि देश बिकास हामी सबैको प्रयासमा निर्भर गर्दछ श्री ५ को सरकार र जनताको प्रयासबाट आज जति बिकास भइरहेको छ त्यो भविष्यमा विकासको लागि आधार स्वरूप खडा छ । यो कार्यलाई प्रेरणा बक्सन हाम्रो साम्रू श्री ५ महाराजाधिराजबाट "गाउँ फर्क" राष्ट्रिय अभियान बक्सेको छ, जसलाई आज एक कोटी नेपालीले अपनाएर अनुकरण गर्दैछन् । जुन मार्ग प्रदर्शन हामीले बराबर पाएका छौं त्यसलाई अनुकरण गरेर सही बाटोमा लाग्यौं भने हाम्रा आकांक्षा दिनदिनै हाम्रो सामर्थ्यको अधीनभित्र आउने छ । यी लक्ष्यहरू हासिल गरी देशलाई अघि बढाउने कार्यमा माननीय अध्यक्षज्यू मार्फत् सबै पञ्चहरूको सहयोगको लागि आह्वान गर्दछु ।

जय नेपाल !

आधिकारिकता मुद्रण बिभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# व्यय र खर्च व्यहोर्ने स्रोतहरूको संक्षिप्त विवरण

रू. हजारमा

| २०२३।२४ को यथार्थ | | व्यय | २०२४।२५ को संशोधित अनुमान | | २०२५।२६ को अनुमान | |
|---|---|---|---|---|---|---|
| | ४३,८८,३५ | कूल खर्च | | ४८,१०,७८ | | ६६,७३,७५ |
| १७,०५,९५ | | साधारण तर्फ | १८,५९,९० | | २०,८९,६० | |
| २६,८२,४० | | बिकासतर्फ | २९,५०,८८ | | ४५,८४,१५ | |
| | | खर्च व्यहोरिने स्रोतहरू | | | | |
| | २५,६६,६२ | राजस्वबाट | | ३०,६८,०० | | ३६,५०,०० |
| | | आयको वर्तमान स्रोतबाट | | | ३४,०४,०० | |
| | | कर प्रस्तावबाट | | | २,४६,०० | |
| | १४,२२,३६ | बिदेशी सहायता | | १६,७६,०९ | | २७,६४,३३ |
| ७,७६,३३ | | भारत | ९,७०,९९ | | १४,५७,६८ | |
| २,४५,८३ | | चीन | २,९०,७७ | | ६,१२,०० | |
| ३,४९,२६ | | अमेरिका | ३,७२,९४ | | ५,९३,३७ | |
| ४८,७५ | | रूस | ३३,२९ | | ५०,०० | |
| २,१९ | | अन्य | ८,१० | | ५१,२८ | |
| | ३,९९,३७ | न्यून | | ६६,६९ | | २,५९,४२ |
| | | न्यून व्यहोरिने अन्य स्रोतहरू | | | | |
| | ३७,०० | विदेशी ऋण | | × | | × |
| | ६,८५ | आन्तरिक ऋण | | १,००,०० | | २,००,०० |
| | १४,७१ | गत वर्षको मौजदात | | ६५,०० | | × |
| | −३,४०,८१ | बचत (+) वा घाटा (−) | | + ९८,३१ | | −५९,४२ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
222

## २०२५।२६ को राजस्व अनुमान

### तेरिज

रू. हजारमा

| सि. नं. | शीर्षक | २०२३।२४ को यथार्थ | २०२४।२५ को संशोधित अनुमान | २०२५।२६ को अनुमान: बर्तमान स्रोत बाट | २०२५।२६ को अनुमान: कर परिवर्तनबाट | २०२५।२६ को अनुमान: जम्मा |
|---|---|---|---|---|---|---|
| १. | भन्सार | १२,१७,४६ | १२,४०,०० | १३,६४,०० | १,०६,०० | १४,७० ०० |
| २. | अन्त:शुल्क | १,९९,६४ | २,१२,०० | २,४७,०० | ४५,०० | २,९२,०० |
| ३. | मालपोत | ५,६६,४६ | ८,००,०० | ८,७५,०० | × | ८,७५,०० |
| ४. | वन | १,६५,३२ | १,६३,०० | १,७५,०० | × | १,७५,०० |
| ५. | कर | २,४८,३८ | ४,२०,०० | ४,८५,०० | ६५,०० | ५,५०,०० |
| ६. | रजिष्ट्रेशन | २५,८९ | ४२,०० | ४२,०० | × | ४२,०० |
| ७. | सिंचाइ र पानी | ५,४८ | ९,०० | ११,०० | २,०० | १३,०० |
| ८. | सञ्चार | ३४,८६ | ४५,०० | ६५,०० | २२,०० | ८७,०० |
| ९. | यातायात | ४,०५ | ७,०० | ८,०० | ६,०० | १४,०० |
| १०. | व्याजतथालाभांश | ४६,८० | ७३,०० | ७५,०० | × | ७५ ०० |
| ११. | निजामतीप्रशासन | ४०,५८ | ४०,०० | ४०,०० | × | ४०,०० |
| १२. | विविध | ११,७० | १७,०० | १७,०० | × | १७,०० |
| | | २५,६६,६२ | ३०,६८,०० | ३४,०४,०० | २,४६,०० | ३६,५०,०० |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२५।२६ को व्यय अनुमान
### तेरिज

रू. हजारमा

| | | साधारण बजेट | विकास बजेट | जम्मा |
|---|---|---|---|---|
| १. | संवैधानिक अङ्गहरू | १,१४,६६ | × | १,१४,६६ |
| २. | साधारण प्रशासन | ४,०५,८६ | × | ४,०५,८६ |
| ३. | आयकर प्रशासन | १,५४,७२ | × | १,५४,७२ |
| ४. | आर्थिक प्रशासन र योजना | २८,२६ | ९१,४४ | १,१९,७० |
| ५. | न्याय प्रशासन | ४५,६४ | × | ४५,६४ |
| ६. | वैदेशिक सेवा | १,२८,०७ | × | १,२८,०७ |
| ७. | सामाजिक सेवा | ३,०२,८९ | ७,३८,५३ | १०,४१,४२ |
| ८. | आर्थिक सेवा | ३,२०,०४ | ३५,९५,२७ | ३९,१५,३१ |
| ९. | रक्षा | ४,८३,४३ | × | ४,८३,४३ |
| १०. | विविध | १,०६,०० | १,५८,९१ | २,६४,९१ |
| | | २०,८९,६० | ४५,८४,१५ | ६६,७३,७५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२५।२६ को राजस्व अनुमान

रु. हजारमा

| सि.नं. | शीर्षक | उप-शीर्षक | २०२३।२४ को यथार्थ | २०२४।२५ को संशोधित अनुमान | २०२५।२६ को अनुमान वर्तमान स्रोत बाट | २०२५।२६ को अनुमान कर परिवर्तन बाट | २०२५।२६ को अनुमान जम्मा |
|---|---|---|---|---|---|---|---|
| १. | भन्सार | | १२,१७,४६ | १२,४०,०० | १३,६४,०० | १,०६,०० | १४,७०,०० |
| | | (क) निकासी बाट | १,३६,०३ | २,०८,४७ | २,०६,०० | ६,७८ | २,१५,७८ |
| | | (ख) पैठारी बाट | ८,५८,८७ | ७,२८,१७ | ८,०६,०० | ९९,२२ | ९,०५,२२ |
| | | (ग) भारतबाट अन्तः शुल्कफिर्ता | २,११,१७ | २,९५,३१ | ३,४०,०० | × | ३,४०,०० |
| | | (घ) विविध | ११,३९ | ८,०५ | ६,०० | × | ६,०० |
| २. | अन्तःशुल्क | | १,९९,६४ | २,१२,०० | २,४७,०० | ४५,०० | २,९२,०० |
| | | (क) ठेक्का रकम | ६१,७३ | ७६,०० | ८४,१६ | × | ८४,१६ |
| | | (ख) औद्योगिक उत्पादन | १,०७,५७ | १,१२,७५ | १,३४,८४ | ४५,०० | १,७९,८४ |
| | | (ग) कृषि उत्पादन | २९,११ | २०,३४ | २५,०० | × | २५,०० |
| | | (घ) विविध | १,२३ | २,९१ | ३,०० | × | ३,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | मालपोत | | ५,६६,४६ | ८,००,०० | ८,७५,०० | × | ८,७५,०० |
| | | रैकर | ५,६६,४६ | ८,००,०० | ८,७५,०० | × | ८,७५,०० |
| ४. | वन | | १,६५,३२ | १,६३,०० | १,७५,०० | × | १,७५,०० |
| | | (क) लकडी बिक्री | १,५३,७६ | १,४६,५० | १,६०,५० | × | १,६०,५० |
| | | (ग) शिकार तथा रोयल्टी | ४६ | ५० | ५० | × | ५० |
| | | (ङ) विविध | ११,०७ | १३,०० | १४,०० | × | १४,०० |
| ५. | कर | | २,४८,३८ | ४,२०,०० | ४,८५,०० | ६५,०० | ५,५०,०० |
| | | (क) आय कर | ७७,२६ | १,१०,०० | १,३२,०० | १०,०० | १,४२,०० |
| | | (ख) मनोरञ्जन | १८,६८ | १५,५० | १७,०० | × | १७,०० |
| | | (ग) रेडियो | ८८ | १० | १० | × | १० |
| | | (घ) शहरी क्षेत्रको घर जग्गा | ३,६४ | ५,०० | ६,०० | × | ६,०० |
| | | (ङ) विदेशी लगानी | १,२२ | १,०० | १,०० | × | १,०० |
| | | (च) घरवहाल कर | ४,६६ | ७,५० | ६,०० | × | ६,०० |
| | | (छ) हवाई उडान कर | २,०८ | ३,०० | ३,५० | × | ३,५० |
| | | (ज) होटल कर | × | १,२५ | १,७५ | × | १,७५ |
| | | (झ) ठेक्का कर | १७,१७ | ११,०० | १३,०० | × | १३,०० |
| | | (ञ) बिक्री कर | १,२१,४७ | २,५५,६५ | २,९१,६५ | ५५,०० | ३,४६,६५ |
| | | (ट) विविध | ६६ | १०,०० | १०,०० | × | १०,०० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | रजिष्ट्रेशन | | २५,८६ | ४२,०० | ४२,०० | × | ४२,०० |
| | | (क) घर जग्गा | २३,५० | ३७,०० | ३८,०० | × | ३८,०० |
| | | (ख) कम्पनी ऐन अन्तर्गत | ८ | ४० | ५० | × | ५० |
| | | (ग) फारम रजिष्ट्रेशन | २३ | १,७० | ६५ | × | ६५ |
| | | (घ) एजेन्सी रजिष्ट्रेशन | ६ | ७० | २३ | × | २३ |
| | | (ङ) बन्दूक पिस्तौल | २२ | ३० | ३२ | × | ३२ |
| | | (च) सवारी लाइसेन्स | १८,० | १,६० | २,०० | × | २,०० |
| ७. | सिंचाई पानी | | ५,४८ | ६,०० | ११,०० | २,०० | १३,०० |
| | | (क) पानी पोत | १,६८ | १,८६ | २,०० | × | २,०० |
| | | (ख) धरा महसूल | ३,८० | ७,११ | ६,०० | ३,०० | ११,०० |
| ८. | सञ्चार | | ३४,८६ | ४५,०० | ६५,०० | २२,०० | ८७,०० |
| | | (क) हुलाक | २५,३३ | २६,०० | ३२,०० | ८,०० | ४०,०० |
| | | (ख) आकाशवाणी | ५,३५ | ७,०० | ६,०० | × | ६,०० |
| | | (ग) टेलिफोन | ४,१८ | ६,०० | २४,०० | १४,०० | ३८,०० |
| १०. | यातायात | | ४,०५ | ७,०० | ८,०० | ६,०० | १४,०० |
| | | (क) हवाई | ४,०५ | ५,०० | ५,५० | ६,०० | ११,५० |
| | | (ख) बिबिध | × | २,०० | २,५० | × | २,५० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | ब्याज तथा लाभांश | | ४६,८० | ७३,०० | ७५,०० | × | ७५,०० |
| | | (क) कम्पनी तथा कर्पोरेशनलाई दिएको ऋणको ब्याज | × | × | १,२० | × | १,२० |
| | | (ख) सरकारी जागिरदारलाई दिएको ऋणको ब्याज | ४,८६ | १,८१ | १,८० | × | १,८० |
| | | (ग) शेयरमा लगानी | ३१,९४ | ६८,१९ | ६५,०० | × | ६५,०० |
| | | (घ) कम्पनी कर्पोरेशनलाई गएको ऋणफिर्ता | १०,०० | ३,०० | ७,०० | × | ७,०० |
| १२. | निजामती प्रशासन | | ४०,५८ | ४०,०० | ४०,०० | × | ४०,०० |
| | | (क) न्याय | १४,८९ | १६,३० | १६,०० | × | १६,०० |
| | | (ख) शिक्षा | ५,४८ | ७,०० | ७,१० | × | ७,१० |
| | | (ग) स्वास्थ्य | १,०७ | ६,३० | ६,३० | × | ६,३० |
| | | (घ) पशु तथा मत्स्य पालन | ४८ | ५० | ५० | × | ५० |
| | | (ङ) सूचना तथा प्रसार | ८० | ८२ | ८५ | × | ८५ |
| | | (च) पब्लिक वर्क्स | १३ | ३० | ३५ | × | ३५ |
| | | (छ) विविध | १७,७३ | ८,८८ | ९,०० | × | ९,०० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३. | विविध | | ११,७० | १७,०० | १७,०० | × | १७,०० |
| | | (क) पासपोर्ट र भिसा | ६६ | २,६५ | २,७० | × | २,७० |
| | | (ख) अभियान रोयल्टी | × | × | २० | × | २० |
| | | (ग) भारत सरकारबाट आउने | १०,१२ | १३,५० | १३,५० | × | १३,५० |
| | | (ङ) अरू फुटकर | ५६ | ८५ | ६० | × | ६० |
| | | | २५,६६,६२ | ३०,६८,०० | ३४,०४,०० | २,४६,०० | ३६,५०,०० |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकृता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## २०२५।२६ को व्यय अनुमान
### ( साधारण बजेट )

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२३।२४ को यथार्थ | २०२४।२५ को संशोधित अनुमान | २०२५।२६ को अनुमान |
|---|---|---|---|---|---|
| १ संवैधानिक अङ्गहरू | १ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ४९,५९ | ६०,५३ | ६०,५३ |
| | २ | राजसभा | १,६२ | १,३० | १,४० |
| | ३ | राष्ट्रिय पञ्चायत | १६,८७ | १८,०९ | १९,०० |
| | ४ | महालेखा परीक्षकको विभाग | ६,९० | ७,५० | १२,१५ |
| | ५ | सर्वोच्च अदालत | ६,९१ | ७,५३ | ८,३५ |
| | ६ | लोक सेवा आयोग | ३,९२ | ५,०२ | ७,६३ |
| | ७ | निर्वाचन आयोग | ५,९८ | ५,८३ | ५,६० |
| २ साधारण प्रशासन | ८ | मन्त्रिपरिषद् | ७,५४ | ९,८८ | ९,०३ |
| | ९ | श्री ५ को सरकारको सचिवालय | ३९,२५ | ४३,१८ | ४६,९८ |
| | १० | जिल्ला प्रशासन | ४२,६३ | ४४,५३ | ४५,२३ |
| | ११ | प्रहरी | १,७९,८७ | २,१४,१० | २,५६,२८ |
| | १२ | कारागार | २८,४३ | ३०,६५ | ३४,०८ |
| | १३ | विविध | ११,५० | २७,२२ | १४,२९ |
| ३ आयकर प्रशासन | १४ | मालपोत | ९५,०९ | ६९,७० | ८७,०३ |
| | १५ | भन्सार | ३६,६५ | ३८,०२ | ४५,८३ |
| | १६ | अन्तःशुल्क | ६,४४ | ८,०२ | ११,२९ |
| | १७ | कर | ८,७६ | ९,१० | ९,३४ |
| | १८ | आय र कर अदालत | १,५४ | १,१६ | १,२३ |
| ४ आर्थिक प्रशासन र योजना | १९ | तथ्याङ्क | १,०२ | १,४८ | १,६६ |
| | २० | सर्भे | १,०९ | १,४१ | १,५० |
| | २१ | टकसार | ६,८७ | ५,०२ | १२,४३ |
| | २२ | ए. ज. को कार्यालय | ८,७६ | ९,०५ | १२,६७ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२३।२४ को यथार्थ | २०२४।२५ को संशोधित अनुमान | २०२५।२६ को अनुमान |
|---|---|---|---|---|---|
| ५ न्याय प्रशासन | २३ | अदालत | ३६,८६ | ४०,२२ | ४४,६५ |
| | २४ | महान्यायाधिवक्ताको कार्यालय | ९६ | ९५ | ९९ |
| ६ वैदेशिक सेवा | २५ | वैदेशिक | ७६,१० | ९१,२० | ९१,२१ |
| | २६ | विविध | १४,८९ | २३,५५ | ३६,८६ |
| ७ सामाजिक सेवा | २७ | शिक्षा | १,३१,९७ | १,३८,१८ | १,५०,३९ |
| | २८ | स्वास्थ्य | ५४,०७ | ८३,१२ | ९४,११ |
| | २९ | सूचना तथा प्रसार | २३,३६ | २३,५८ | २५,२२ |
| | ३० | पञ्चायत | २३,९० | २२,१० | ३३,१७ |
| ८ आर्थिक सेवाहरू | ३१ | कृषि | ७,२४ | ८,४५ | ९,४४ |
| | ३२ | वन | ४१,१३ | ४३,६० | ४७,४१ |
| | ३३ | उद्योग बाणिज्य | ७,२३ | ७,०२ | ६,८७ |
| | ३४ | सञ्चार | ६१,७६ | ६९,५० | ७५,९८ |
| | ३५ | यातायात | २३,७७ | २७,९९ | २६,२१ |
| | ३६ | विद्युत् | २,३६ | २,५४ | २,५३ |
| | ३७ | निर्माण | ८३,११ | ८४,१८ | ८०,१८ |
| | ३८ | लगानी ऋण तथा ब्याज | ४७,२८ | ५२,५० | ७१,४२ |
| ९ रक्षा | ३९ | रक्षा | ३,९९,४६ | ४,२८,०० | ४,८३,४३ |
| १० विविध | ४० | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १६,५१ | १८,०० | २०,०० |
| | ४१ | निवृत्तभरण, भत्ता तथा उपदान | ३७,६८ | ३९,०० | ४३,०० |
| | ४२ | अतिथि सत्कार | १,६१ | १,२५ | १,५० |
| | ४३ | आकस्मिक सहायता चन्दा र पुरस्कार | १,१४ | १,२५ | २,५० |
| | ४४ | पुनः मतदान | १,५० | २,४० | ३,०० |
| | ४५ | मुआब्जा | ३,०० | ३,०० | ३,२० |
| | ४६ | अन्य आकस्मिक खर्च | १,७५ | × | ३,०० |
| | ४७ | भैपरी आउने | ४०,०८ | ३०,०० | ३०,०० |
| | | | १७,०५,९५ | १८,५९,९० | २०,८९,६० |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६०

## २०२५।२६ को व्यय

### अनुदान
### (विकास बजेट)

रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०२३।२४ को यथार्थ | २०२४।२५ को संशोधित अनुमान | २०२५।२६ को अनुमान |
|---|---|---|---|---|---|
| ४ | १ | तथ्याङ्क | ११,४४ | १७,०४ | १७,८२ |
| आर्थिक | २ | सर्भे | ४२,७८ | ५३,३० | ७१,९१ |
| प्रशासन र योजना | ३ | बजेट तथा ए. ता. योजना | २,३२ | २,३१ | १,७१ |
| ७ | ४ | शिक्षा | २,०२,२७ | २,१०,८६ | २,८४,८५ |
| सामाजिक | ५ | स्वास्थ्य | १,५५,१८ | १,६५,७० | २,४१,२७ |
| सेवाहरू | ६ | सूचना तथा प्रसार | १९,७८ | १०,६४ | १४,२३ |
| | ७ | पञ्चायत | २,११,७६ | १,५१,७१ | १,९८,१८ |
| ८ | ८ | कृषि | २,०३,९६ | २,३०,१२ | ३,०४,४४ |
| आर्थिक | ९ | वन | ६०,७० | ५४,०१ | ७६,०७ |
| सेवाहरू | १० | उद्योग वाणिज्य | १,६२,३९ | १,६२,७१ | १,६४,९३ |
| | ११ | सञ्चार | ३५,४१ | ६०,५१ | ९०,९० |
| | १२ | यातायात | ३०,०६ | १९,५६ | ५८,७३ |
| | १३ | विद्युत | २,४७,३८ | २,५९,५७ | २,५४,७४ |
| | १४ | निर्माण | १०,४६,३६ | १३,३०,०१ | २२,६५,०६ |
| | १५ | लगानी ऋण तथा ब्याज | ५६,८७ | ४८,१५ | ३,७५,०० |
| | १६ | इञ्जिनियरिङ्ग | ७,०६ | ५,०० | ५,४० |
| १० | १७ | पुनः मतदान | २,७७ | ४,९९ | ५,०० |
| विविध | १८ | भैपरी आउने | ६७,७८ | ४८,५१ | ३०,०० |
| | १९ | योजना | ९,११ | ७,१० | ८,१८ |
| | २० | प्रशासन सुधार | ३,३३ | ५,८८ | ७,४३ |
| | २१ | भूमिसुधार | १,०१,८१ | १,०१,७० | १,०६,६९ |
| | २२ | मेट्रीक नाप तौल आयोजना | १,८८ | १,५० | १,६१ |
| | | | २६,८२,४० | २९,५०,८८ | ४५,८४,१५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2897

# आर्थिक वर्ष २०२५।२६ को विकास बजेटको खर्च व्यहोर्ने स्रोतको विवरण

रु. हजारमा

| अनुदान संख्या | शीर्षकको नाम | २०२५।२६ को अनुमान | श्री ५ को सरकार | भारत | चीन | अमेरिका | रूस | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क | १७,८२ | १५,८२ | | | २,०० | | | |
| २ | सर्भे | ७१,९१ | ७१,९१ | | | | | | |
| ३ | बजेट तथा एकाउण्टेट ताल म योजना | १,७१ | १,७१ | | | | | | |
| ४ | शिक्षा | २,८४,८५ | १,६७,६८ | ३८,०० | | ५६,०० | | २३,१७ | (साटा १,२८ बृटिश १८,००) युनिसेफ ३,८९ |
| ५ | स्वास्थ्य | २,४१,२७ | १,२२,४७ | २७,०० | | ६१,०० | | ८० | (साटा) |
| ६ | सूचना तथा प्रसार | १४,२३ | १४,२३ | | | | | | |
| ७ | पञ्चायत | १,९८,१८ | ७६,२३ | ५०,०० | | ६८,०० | | ६५ | (साटा) |
| ८ | कृषि | ३,०४,४४ | १,२९,६१ | ३०,४९ | | १,४३,४८ | | ८६ | (साटा) |
| ९ | वन | ७६,०७ | ७०,५७ | १,०० | | ४,०० | | ५० | (साटा) |
| १० | उद्योग वाणिज्य | १,६४,९३ | ९३,६० | ४२,३३ | १२,०० | १७,०० | | | |
| ११ | सञ्चार | | | | | | | | |
| | १) हुलाक | २२,२० | १८,०० | ४,२० | | | | | |
| | २) टेलिकम्यूनिकेशन | ६८,७० | १५,७० | ५३,०० | | | | | |
| १२ | यातायात | ५८,७३ | ३४,७३ | २,०० | | २२,०० | | | |
| १३ | विद्युत् | २,५४,७४ | १,०६,२४ | ४०,५० | ५०,०० | ५८,०० | | | |

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८२

रू. हजारमा

| अनुदान संख्या | शीर्षकको नाम | २०२५।२६ को अनुमान | श्री ५ को सरकार | भारत | चीन | अमेरिका | रूस | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १४ | निर्माण | | | | | | | | |
| | १) सडक र मर्मत | १३,३८,०४ | १,३०,८० | ७,२६,३५ | ३,००,०० | १,०२,८६ | ५०,०० | २५,०० | (बृटिश) |
| | २) भवन | १,०८,४७ | १,०८,४७ | | | | | | |
| | ३) नहर | ३,३४,५५ | ६६,७४ | २,०५,८१ | | २६,०० | | | |
| | ४) बिबिध आयोजनाहरू | ४,८४,०० | | २,३४,०० | २,५०,०० | | | | |
| १५ | लगानी ऋण तथा ब्याज | ३,७५,०० | ३,७५,०० | | | | | | |
| १६ | इञ्जिनियरिङ्ग | ५,४० | ५,४० | | | | | | |
| १७ | पुनः मतदान | ५,०० | ५,०० | | | | | | |
| १८ | भैंपरी आउने | ३०,०० | ३०,०० | | | | | | |
| १९ | योजना | ८,१८ | ८,१८ | | | | | | |
| २० | प्रशासन सुधार | ७,४३ | ७,४३ | | | | | | |
| २१ | भूमिसुधार | १,०६,६९ | १,०६,६९ | | | | | | |
| २२ | मेट्रिक नाप तौल आयोजना | १,६१ | १,६१ | | | | | | |
| | | ४५,८४,१५ | १८,१९,८२ | १४,५७,६८ | ६, १२,०० | ५,९३,३७ | ५०,०० | ५१,२८ | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।